मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

नियाको लकडाउनमा बोल्ड लुक्सः पृष्ठ ३



# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १९२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ २८ गते बुधवार (Wednesday, June 10. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## मेरिङ्देन गाउँपालिकामा ७८.२४% मानिस साक्षर

■ १२ वर्ष मुनि विवाह गर्नेको संख्या ०.४६ प्रतिशत

■ ४० वर्षमाथि ०.९७ प्रतिशतले विवाह गरे

**बिर्तामोड, जेठ २७।** पूर्वी नेपालको उत्तरी जिल्ला ताप्लेजुङ जिल्लाको उत्तर पश्चिम भागमा पर्छ मेरिङ्देन गाउँपालिका । साविकको थिङ्लाबु, सान्थाका, खाम्बुङ, लिङ्तेप, थुकिमा तथा नाल्बु गाउँ विकास समितिलाई समेटेर यो गाउँपालिका तयार बनेको हो । २१०.३३ वर्ग किलोमिटर क्षेत्रफलमा रहेको यो गाउँपालिकामा उष्ण प्रदेशीय हावापानी पाइन्छ ।

२ हजार ५ सय ६२ घर धुरी र १२ हजार ६ सय २५ जनसंख्या रहेको यो गाउँपालिकामा ४८.२२ प्रतिशत महिला र ५१.७८ प्रतिशत पुरुषको बसोवास रहेको छ । यहाँका नागरिकको मूख्य पेशा कृषि हो। धान मकै कोदो यहाँको प्रमुख बाली मानिन्छ । ७८.२४ प्रतिशत साक्षरता रहेको यो गाउँपालिकामा ३६ वटा सामुदायिक विद्यालय छन् ।

जातीय हिसावले मिश्रित बसोवास रहेको यो गाउँपालिकामा बाहुल्यता भने लिम्बूकै छ । यहाँ ५१.३३ प्रतिशत मानिस लिम्बू छन् भने अन्य शेर्पा तामाङ, मगरको बसोवास पनि रहेको छ । लिम्बू समुदायको वाहुल्यता रहेको यो गाउँपालिकामा किरात धर्म मान्नेको संख्या धेरै छ । यहाँका ५४.२२ प्रतिशत मानिसले किरात धर्म मान्छन् । त्यस्तै बौद्ध, हिन्दू, क्रिष्च्यन धर्मावलाम्वी हरुको पनि बसोबास रहेको छ ।

यहाँ २८.१८ संयुक्त परिवारको वसोवास रहेको छ भने ७१.८२ प्रतिशत एकल परिवारको वसोवास छ । वडागत हिसावले हेर्ने हो भने वडा नम्वर ५मा ३९४ र वडा नम्वर २मा ३६३ परिवार छन् । ६ वटा वडामा विभाजन गरिएको यो गाउँपालिका घरको स्वामित्वको आधारमा भाडामा बस्ने थोरै छन् भने आफ्नै घर भएका मानिसको संख्या अधिक छ ।

बिर्तामोडमा रहेको एनएन फाउण्डेशनको प्रविधिक सहयोगमा गाउँपालिकाले तयार गरेको सर्वेक्षण अनुसार भाडामा बस्ने महिलाको संख्या ७७७ पुरुषको संख्या ७९६ रहेको छ । त्यस्तै आफ्नै घर भएका महिलाको संख्या यो गाउँपालिकामा ५३११ रहेको छ भने पुरुषको संख्या ५७६८ रहेको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## चार स्थानीय तहमा नेपाली सेना



**झापा, जेठ २७।** झापाको चार स्थानीय तहका क्वारेन्टिनको व्यवस्थापनमा नेपाली सेना खटिएको छ ।

जिल्ला सुरक्षा समितिको निर्णयानुसार नेपाली सेनाको २१ नम्बर बाहिनी केर्खाको टोलीले चार स्थानका क्वारेन्टिनको सुरक्षा र व्यवस्थापनको नेतृत्व सम्हालेको हो ।

सो बाहिनीका बाहिनीपति डा. आशबहादुर तामाङका अनुसार मेची बहुमखी क्याम्पस, कलबलगुढी, कचनकवल र मेचीनगरमा सेनाको टुकडी रहेको छ। भद्रपुरस्थित कलबलगुढीमा लामो समयदेखि व्यवस्थापन हेरिरहेको नेपाली सेनाले कचनकवल गाउँपालिका र पूर्वी नाका काँकरभिट्टामा केही दिनदेखि व्यवस्थापकीय सेवा प्रदान गर्न थालेको हो ।

सरकारले देशभरका २० नाकामध्ये काँकरभिट्टाबाट भारतमा रहेका नेपालीलाई फर्कन खुला गरेपछि त्यसलाई व्यवस्थित र सुरक्षित बनाउने उद्देश्यले नेपाली सेनालाई परिचालन गरेको हो । उनले नेपाल प्रहरी, सशस्त्र प्रहरी र जनप्रतिनिधिसँगै मिलेर नेपाली सेनाले कोडिभ-१९ को सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा काम गरिरहेको बताए । सीमामा नेपाल प्रहरी र सशस्त्र प्रहरी नै रहने तथा

(बाँकी अन्तिम पृष्ठमा)

## गाउँपालिकाको डिजिटल पार्श्वचित्र



**बिर्तामोड, जेठ २७।** मेरिङ्देन गाउँपालिकाले डिजिटल पार्श्व चित्र तयार गरेको छ ।

झापाको बिर्तामोडमा रहेको एनएन फाउण्डेशनको प्राविधि सहयोगमा तयाग रिएको डिजिटल पार्श्व चित्र गाउँपालिकाका अध्यक्ष गणेशवहादुर लिम्बू, उपाध्यक्ष कल्पना तुम्वाफो र

(बाँकी अन्तिम पृष्ठमा)

## 'असार १ देखि सिकाइमा निरन्तरता दिइन्छ'

**झापा, जेठ २७।** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले कोरोना महामारीका बेला शैक्षिकसत्र खेर जान नदिने गरी आगामी असार १देखि सबै विद्यालयमा सिकाइलाई निरन्तरता दिइने बताएका छन् ।

प्रतिनिधिसभाको मंगलवारको बैठकमा 'विनियोजन विधेयक २०७७' अन्तर्गतको छलफलमा जवाफ दिँदै मन्त्री पोखरेलले मन्त्रालयले गठन गरेको उच्चस्तरीय समितिको सुझावका आधारमा कोरोनाको प्रभावपछि शिक्षामा चालिनुपर्ने तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजनाका लागि सुझाव लिई कार्यान्वयन शुरु गरिएको जानकारी दिए ।

उनले प्राप्त सुझावबमोजिम सिकाइ सहजीकरण सम्बन्धी निर्देशिका जारी गरी असारदेखि अनलाइन, दूरशिक्षा, रेडियो, टेलिभिजन वा अन्य विकल्पबाट पठनपाठन सञ्चालन गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारबीच समन्वय भएको स्पष्ट गरे । उनले औपचारिक शिक्षाको विकास हुँदै आएकामा अहिलेको महामारीले स्वाध्ययन र प्रविधिमैत्रीतर्फ रुपान्तरण भएको उल्लेख गर्दै शैक्षिक क्षतिलाई न्यूनीकरण गर्नका लागि परिवेश अनुसार हुने गरी सिकाइ अनुकूल गराउन कम सुविधा र फरक क्षमता भएका वर्गलाई समेत सम्बोधन हुने गरी निर्देशिका ल्याइएको जनाए । मन्त्री पोखरेलले भने- सुलभ हुने कुनै पनि विधिबाट विद्यार्थीलाई सिकाइमा जोड्न म सबै सांसद्हरुलाई आग्रह गर्दछु । स्थगित एसइई परीक्षालगायत परीक्षाबारे आएका विकल्पमाथि परिस्थिति अनुसार गृहकार्य गरी यसै महिनाभित्र निर्णय गरिनेछ ।

हरेक वैशाख पहिलो साता विद्यालय तहमा नयाँ शैक्षित्रसत्र आरम्भ हुन्छ । कर्णाली र हिमाली जिल्लामा फागुनमा नयाँ शैक्षिकसत्र आरम्भ हुँदै आएको छ । कोरोना रोकथामका लागि गत चैत ११ देखि बन्दाबन्दी लागू भएपछि सबै शिक्षण संस्था र परीक्षा रोकिएका छन् । उनले संविधानमा शिक्षा

(बाँकी अन्तिम पृष्ठमा)

## बन्ने भो पालिया खोलमा पक्की पुल

लक्ष्मी उप्रेती

**काँकरभिट्टा, जेठ २७।** झापाको मेचीनगर-७स्थित पालिया खोलामा निर्माण गर्न लागिएको पक्की पुलको मंगलबार शिलान्यास गरिएको छ ।

पुलको १ नम्बर प्रदेशसभा सदस्य श्रीप्रसाद मैनाली, मेचीनगर नगरपालिकाका प्रमुख बिमल आचार्य उपप्रमुख मीना पोखरेल उप्रेतीले संयुक्त रुपमा शिलान्यास गरेका हुन् ।

१ नम्बर प्रदेश सरकारको ४ करोड ३२ लाख रुपैयाँ लागत भए पनि ३ करोड ८४ लाख १४ हजार ३ सय ८७ रुपैयाँमा पुल ठेक्का लागेको हो । उक्त पुल निर्माणका लागि निर्माण कम्पनी जिम्मा हिम्स्टुङ एण्ड थोकर सरोज जेभी निर्माण सेवासँग २०७७ साल बैशाख २४ गते निर्माण सम्झौता भएको थियो । सम्झौता पत्रमा २०७८ साल असार २० गते निर्माण कार्य सम्पन्न हुने पूर्वाधार विकास कार्यालय भद्रपुर झापाका इञ्जिनियर सुजन दाहालले जानकारी दिए ।

उनका अनुसार सिगंल स्पाम रहने उक्त पुलको लम्बाई पिलरदेखि पिल्लरसम्म २५ मिटरको हुने छ । एलआरवीएसयुको प्राविधिक सहयोगमा पुर्वाधार विकास कार्यालय भद्रपुर झापाले यसको अनुगमन र रेखदेख गर्नेछ । पुलले मेचीनगर-७स्थित सत्तिघट्टा-गोमनसरी-इटाभट्टा जोड्ने छ । झापाको मेचीनगर हुँदै सदरमुकामसम्म जोड्ने यो पुल निर्माणपछि सञ्चालनमा आएलगत्तै मेचीनगर र चन्द्रगडी विमास्थलको दुरी १४ किलो मिटरमात्र हुने स्थानीय चन्द्रप्रसाद प्रसाईले जानकारी दिए ।



योजनाको बारेमा जानकारी दिन हुँदै पूर्वाधार विकास कार्यालय भद्रपुर इञ्जिनियर शोभाकान्तप्रसाद रौनियारले ८२ फिट लम्बाई र २८ फिट चौडाई पुलको कज्वे चौडाई २० फिट तथा दुबैतर्फ ४/४ फिट लम्बाईको पैदल यात्री हिँड्ने संरचना निर्माण गरिने जानकारी दिए । कार्यक्रममा बोल्दै शिलान्यास समारोहका प्रमुख अतिथि समेत रहेको १ नम्बर प्रदेशसभा सदस्य मैनालीले वर्षैदेखि पुलको समस्या व्यहोर्न बाध्य स्थानीयवासीले पुलको निर्माणसँगै राहतको अनुभव गर्ने बताए ।

प्रदेशसभा सदस्य मैनालीले निर्धारित समयमै निर्माण कार्य सम्पन्न हुने भन्दैं यस कार्यमा सवैलाई सहयोगी र समन्वयकारी भूमिका निर्वाह गर्न आग्रह गर्दै लामो समयको प्रतिक्षापछि स्थानीयले विकास योजनाको प्रत्यक्ष लाभ लिन पाएको विश्वास व्यक्त गरे । मैनालीले झापा निर्वाचन क्षेत्र नं. १ को योजना छनौट अन्तर्गत प्रदेश सरकारको बजेट छनौटमा योजना पार्न सफल भएको समेत दावी गरे ।

शिलान्यास समारोहमा मेचीनगर प्रमुख आचार्य, उपप्रमुख उप्रेती, निर्माण व्यवसायी भीमचन्द्र भट्टराईलगायतले विचार राखेका थिए । पूर्वाधार विकास कार्यालय भद्रपुर झापाका सिनियर डिभिजन इञ्जिनियर रमेशकुमार श्रेष्ठको अध्यक्षतामा भएको शिलान्यास समारोहको सञ्चालन कार्यालयका सवइञ्जिनियर सुरेन्द्रप्रसाद साहले गरेका थिए ।

## भरुवा बन्दुकसहित एक जना पक्राउ

**ओखलढुङ्गा, जेठ २७।** ओखलढुङ्गाको सुनकोशी गाउँपालिका-४का २६ बर्षीय युवराज राई एक थान भरुवा बन्दुकसहित पक्राउ परेका छन् ।

राईले मानेभञ्याङ गाउँपालिका-८मा भरुवा बन्दुक लुकाईछिपाई राखेको भन्ने सूचना प्राप्त भएसँगै प्रहरी चौकी हर्कपुरबाट खटिएको प्रहरी टोलीले राईलाई १ थान भरुवा बन्दुकसहित पक्राउ गरेको हो । पक्राउ परेका राईको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाले जनाएको छ ।

उता भरतपुर महानगरपालिका-११ भोजाड बस्ने २० वर्षीय सुजन सुनारलाई कटुवा पेस्तोल १ थान र गोलीको खोका १२ थानसहित प्रहरीले पक्राउ गरेको छ । उनको घरमा पेस्तोल रहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय चितवनबाट खटिएको प्रहरीले घर तलासी गर्दा लुकाई छिपाई राखेको अवस्थामा उक्त हातहतियार फेला परेको हो ।

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरुलाई बचाउने ?




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## कोरोना भाइरस खोपको परीक्षणमा ढिलाइ

**झापा, जेठ २७।** नेपाली अनुसन्धानकर्ता डा. ललितकुमार दासले कोरोना भाइरसविरुद्ध विकास गरेको भनिएको औषधि (खोप) को प्रयोगात्मक परीक्षणको प्रक्रियामा ढिलाइ हुँदा हेटौँडावासी चिन्तित भएका छन् ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत हेटौँडास्थित वन विज्ञान अध्ययन संस्थानका सहप्राध्यापक डा. दासले कोरोना भाइरसविरुद्ध खोप विकास गरेको भनिएको एक हप्ताभन्दा बढी भए पनि हालसम्म त्यसको प्रयोगात्मक परीक्षण हुन नसक्दा उनीहरु चिन्तित बनेका हुन् ।

महामारीका रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाइरस)विरुद्ध खोपको निराशाजनक रुपमा आगमनको आशामा विश्व रहेको बेला सम्भावित खोपको पहिलो चरणको विकास हेटौँडास्थित वन विज्ञान अध्ययन संस्थानको प्रयोगशालामा गरिएको जिकिर गरिएको छ ।

नेपाली अनुसन्धानकर्ताले कोरोना भाइरसविरुद्ध खोपको विकास गर्नु हाम्रा लागि गौरवको विषय हो, यसको छिटोभन्दा छिटो परीक्षण हुनुपर्छ- हेटौँडा-४ का रामप्रसाद अधिकारीले भने- अहिले खोपको व्यापक चर्चा छ । खोप त बन्यो तर यसको प्रयोगका लागि सरकारको सम्बन्धित निकायले यथाशीघ्र परीक्षण गरेर त्यसको नतिजा सार्वजनिक गर्न सक्नुपर्दछ । दुई महिनाभन्दा बढी समयको अथक प्रयास र अनुसन्धान गरेर डा दासले उक्त खोपको विकास गरेको जिकिर गरेका छन् ।

खोप निर्माण भइसकेपछि वाग्मती प्रदेशका सामाजिक विकास मन्त्री युवराज दुलालले डा दाससँग आफ्ना मन्त्रालय मातहतका सचिव तथा विशेषज्ञसहित छलफल गरेका थिए । त्यसपछि मन्त्री दुलालले नेपाल स्वास्थ अनुसन्धान परिषद्का विशेषज्ञसँग समेत भिडियोकन्फ्रेन्समार्फत त्यसको परीक्षण गराउने सम्बन्धमा छलफल गरेका थिए ।

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

नेपालीहरुको लागि अरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।




सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
निशान्त- [illegible]
इण्डिया, [illegible] नेपाल

# हामी केका लागि राजनीति गर्दैछौं ?



गोपाल गिरी

मन्त्री मण्डलमा, सरकारका उच्चदेखि तल्लो तहमा, संसदमा, स्थानीय तह, पुलिस, पत्रकार सर्वैतिर इण्डियन जासूस ! हुँदा-हुँदा अदालतसम्म पनि छन् भन्ने सुन्दा आङ नै जिङ्रिङ्ग हुन्छ । धन्य, मेरो देश ! सेना चाहिँ चोखो छ कि त्यहाँ पनि धमिरा लागिसक्यो कुन्नि ? नेपाल र नेपालीको अस्तित्वमाथि नै खतरा । बेच्दा बेच्दै एकदिन देशका धेरै बेचिएर फिजी बन्ने तरखर गर्दैछ मेरो देश, सबै बेचिएर कतै सिक्किम नबनोस् । कोही त छ, देशभक्त राजनेता । निर्मम र कठोर निर्णय गर र देशलाई बचाउने हिम्मत गर ।

समय र घटनाक्रमले सपुत जन्माउँछ, जन्मन्छन् । नेतृत्वमा धमिरा लागि हालेको छैन । के वेर, यही रवैया रह्यो- चल्यो भने हामी माया, माया भन्छौ, तिमी......... ? । धरापमा पर्दै गएको मेरो संस्कृति विलुप्त हुनसक्छ । मेरो भाषामा प्रहार हुन थालेको छ । मेरो स्वाभिमानमा धावा बोल्न थालिएको छ । मासुको चोक्टामा कुकुरलाई भुल्याएर चोरले घर लटिपटी पारे जसरी मेरो देश लुट्दिैछ । हाम्रा नाडीहरू एक/एक गरेर छामिएका छन् । परचक्री सामु हामी नाङ्गिसकेका छौं । भेद खोलाइसकेका छन् र भेद खोल्नेहरू निर्णायक तहमा पुगेर मलाई र मेरो देशमा धावा बोल्न थालेका छन् ।

कोही निर्णायक तहमा पुगेर ललिपपमा बच्चा भुलिए जस्तो वा कुकुर मासुको चोक्टामा रमेर रमाए जस्तै नयाँ ख्वामितको तरफदारीमा व्यस्त छन् भने निर्णायक तहमा पुगेका कोही जगबाटै विदेशकै इशारामा राज्यद्रोहका गतिविधिका लागि पहिलेदेखि नै परिचालित छन् । यी दुवैथरि देशका निम्ति घातक बनेर उभिएका छन् । त्यसमध्ये पनि उतैबाट आएका जन्मजात भुइँफुट्टाहरूको लविङ खतरापूर्ण छ र उनीहरूको पहुँच माथिल्लो निकायसम्म छ र दाताले पनि उनीहरूलाई नै बढी विश्वास गर्ने गरेका घटनाक्रम छन् । हामी के-का लागि राजनीति गर्दैछौं ? कस्का लागि गर्दैछौ ? हामीले गरेको राजनीति, हामीले जानेको राष्ट्रियता वा हाम्रो राष्ट्र प्रेमको परिभाषाका विषयमाथि प्रश्न उठ्न थालेको छ ।

मेरो राष्ट्र प्रेमलाई र मेरो राष्ट्रियतालाई मैले भन्ने गरेका वैरीहरू अर्थात् मैले मौका दिएर टाउको टेकाएकाहरूबाट लल्कारिन थालिएको छ । त्यो पनि देशको सर्वोच्च निकायमा खुलेआम । देशको संविधान कानूनलाई मिचेर खुला बोल्ने हैसियतमा पुऱ्याउन हामी नै होऊँ । म अल्पमतमा पर्न सक्छु । मेरो राष्ट्र प्रेमलाई अन्य अर्थ लगाउनेहरूको हालीमुहालीका कारण मेरा राष्ट्रियता विचरो वा बवुरो बन्दै गएको आभास मलाई हुनथालेको छ । म मा आएको यो सोच के भावुकताको उपज मात्रै हो र? एकचोटी केही वर्ष अघिको मात्र सम्झना गरौं र बेलैमा निर्णय गरौं । नत्र, के वेर इतिहासमा हामी कलंकित पात्रका रूपमा चित्रित हुन सक्छौं । हामी धिक्कारिन सक्छौं ।

# यौनकर्मीको आम्दानीको स्रोत बन्द

**झापा, जेठ २७ ।** कोरोनाभाइरस महामारीबीच सामाजिक दूरीसम्बन्धी नियमका कारण स्ट्रिप क्लब अर्थात्रु वयस्कहरूलाई मात्रै अनुमति दिइने मनोरञ्जनस्थल र वेश्यालयहरू बन्द भएसँगै विश्वभरिका यौनकर्मीहरूको आम्दानीको स्रोत बन्द भएको छ ।



जीविकोपार्जका साथै स्वास्थ्यबारे चिन्तित कतिपय यौनकर्मीले अनलाइनमार्फत् व्यवसायलाई जारी राख्न चाहिरहेका छन् भने कतिपयले आर्थिक सहयोगको मुख ताक्नु परेको छ । इस्टल ल्युकासले अस्ट्रेलियाको मेल्बर्नमा १० वर्षदेखि काम गरिरहेकी छन् र आफ्ना ग्राहकहरूसँग सावधानीपूर्वक सम्बन्ध बनाएकी छन् । तर कोभिड-१९ सङ्क्रमण र सामाजिक दूरी कायम राख्नुपर्ने नियमका कारण यौन व्यवसायमा रोक लागिसकेको छ । 'स्पष्ट रूपमा भन्नुपर्दा यदि मैले छ महिनासम्म काम गरिनँ भने धेरै मानिसले मलाई बिर्सने छन्- उनी भन्छिन् । म आफ्ना ग्राहकहरूसँग कुरा मात्र गर्न सक्छु । यसले यो व्यवसायमा काम गर्दैन । हामीले अन्तरङ्ग सम्बन्ध कायम गर्नुपर्छ जुन अहिलेको अवस्थामा सम्भव छैन ।

कोरोनाभाइरस महामारी शुरु हुनुअघि इस्टलले औसतभन्दा बढी आम्दानी गर्थिन् र मेल्बर्नको बाहिरी भेगमा रहेको घरको बन्धकी बापतको रकम छिट्टै तिरिसक्ने उनको आशा थियो । तर, अहिले उनको आम्दानीका लगभग सबै स्रोत मरिसकेका छन् । उनले अनलाइनमार्फत् व्यवसायलाई अगाडि बढाउने प्रयत्न गरेकी छन्, तर भन्छिन्- शारीरिक सम्पर्कलाई त्यसले विस्थापित गर्न सक्दैन । दुर्भाग्यवश कतिपय कुराले मूर्तरूप लिन सक्दैन- उनी भन्छिन् ।

मैले अनलाइनमार्फत प्रयास गरेकी छु तर सबैलाई प्राविधिक ज्ञान हुँदैन । मेरा कतिपय ग्राहकलाई स्मार्टफोन कसरी प्रयोग गर्ने भन्ने कुरा थाहा छैन । क्षेत्रीय सरकारले रेष्टुराँ र क्याफेहरू खोल्नेबारे योजना ल्याए पनि यौन उद्योगबारे कुनै योजना छैन ।

त्यो अनिश्चितता र भाइरस लगायत कारणले यौनकर्मीहरू गम्भीर तनाव परेका छन् । कोभिड-१९ का कारण रोजगारी गुमाउनेका लागि अस्ट्रेलिया सरकार आर्थिक सहायता उपलब्ध गराउन सक्छ तर त्यसका लागि सम्बन्धित पक्षले कर तिर्दै आएको प्रमाणित गर्नुपर्छ । जुन कुरा दर्ता नभएका कतिपय यौनकर्मी र आप्रवासीले गर्न कठिन छ । विश्वका दर्जनौं देशका यौनकर्मीहरूले सामना गरिरहेको यो एउटा समस्या रहेको लेस्टर विश्वविद्यालयस्थित अपराधशास्त्रकी प्राध्यापक टीला स्यान्डर्स बताउँछिन् । सरकारहरूले अधिकांश मानिसहरूलाई खासगरी आफ्नै उद्यममा लागेकाहरूलाई राम्रोसँग सामाजिक सुरक्षा प्रदान गरिरहेका छन्, तर त्यसभित्र यौनकर्मीहरू समावेश छैनन्- उनी भन्छिन् ।

यसबीच आपत्कालीन सहायताका लागि रकम सहयोग गर्न अनलाइनमार्फत् अपिल गरिँदैछ । गत हप्तासम्म लास भेगस सेक्स वर्कर्स कलेक्टिभ नामक समूहले १९,३०० डलर जुटाइसकेको छ भने इटलीमा एउटा सहयोगी गठबन्धनले २१,७०० युरो सङ्कलन गरेको छ । कतिपय यौनकर्मीलाई ठूलो जरिवाना तिर्नुपर्ने र सङ्क्रमण हुन सक्ने जोखिमबीच काम गर्न बाध्य पारिएको छ ।

विकासशील देशहरूमा प्रायशः यौनकर्मीहरू आफ्ना भाइबहिनी, बालबच्चा र हजुरबाआमाका प्रमुख सहारा छन् । अतः यसले पूरै परिवारमा प्रभाव पारेको छ- प्राध्यापक स्यान्डर्स भन्छिन् । इङ्लिस कलेक्टिभ अफ प्रोस्टिट्युट्सकी निकी एडम्स त्यस्तै धारणा राख्छिन् । यूकेका अधिकांश यौनकर्मीहरू आमा रहेको र अझै काम जारी राख्नेहरू पैसाका लागि त्यसो गरेको उनले बीबीसीलाई बताइन् । तर, चाहेको खण्डमा पनि कतिपय यौनकर्मीहरू त्यसलाई निरन्तरता दिने अवस्थामा छैनन् । बंगलादेशस्थित दौलतदिआ वेश्यालयमा ग्राहकहरू छिर्न नपाऊन् भनेर प्रहरीले सुरक्षा दिइरहेका छन् ।

त्यो संसारका ठूलामध्येका वेश्यालय हो । टिनले छाएका ससाना घर र साँघुरा बाटा भएका एउटा नगर जहाँ १,३०० महिला र उनीहरूका ४०० बालबच्चा बस्छन् । उक्त वेश्यालय मार्चदेखि बन्द छ जसकारण ती महिलाहरू अत्यावश्यक सामान किन्न संघर्षरत छन् र दानमा निर्भर हुनु परेको छ । हामीले अहिले काम गर्न सक्दैनौं । अतः हामीसँग कुनै आम्दनी छैन जुन डरलाग्दो कुरा हो- वास्तविक नाम नबताउने नज्माले भनिन् । नज्माले तीनजना बालबच्चालाई हेर्नुपर्छ जो गाउँमा उनकी बहिनीसँग बस्छन् ।

नज्मा ३० वर्ष अगाडि सात वर्षकै उमेरमा वेश्यालय पुगेकी थिइन् । हुन त अहिले उनलाई पैसाको खाँचो छ तर यो महामारीमा काम गर्न उनमा डर छ । वेश्यालयमा काम गर्ने धेरै महिला तथा बालिकाहरू मानवतस्करीका शिकार हुन् । उनीहरूमध्ये थुप्रै चाहिँ बाल्यकालमा अपहरण गरी ल्याएर बेचिएका हुन्- ढाकास्थित वकिल तथा मानव अधिकारकर्मी सर्बन्ती हुँदा भन्छिन् । मेको शुरूतिर उनले १,३०० महिलाको परिवारलाई अत्यावश्क सामान उपलब्ध गराएकी थिइन् । प्राध्यापक स्यान्डर्सका अनुसार विश्वभरि यौनकर्मीहरूले सामना गर्नु परेको अर्को समस्या भनेको स्वास्थ्य सेवामा उनीहरूको कम पहुँच हो ।

नाम नबताउने शर्तमा बंगलादेशकी एक यौनकर्मीले वेश्यालयहरू तत्काल खुलिहाले पनि यौन व्यवसाय फेरि तङ्गिन लामो समय लाग्न सक्ने बताइन् । हामीकहाँ आएमा सङ्क्रमण हुन सक्ने भनेर मानिसहरूमा डर छ । हामीलाई पनि डर छ । हामी पनि उनीहरूबाट सङ्क्रमित हुन सक्छौं । सङ्क्रमित हुन सक्ने यो डर सँधै भइरहने छ । अतिरिक्त रिपोर्टिङ्ग सलमान सईदले गरेका हुन् । (वीवीसी)

## मेरिङ्देन ...

१२ वर्षमुनिको उमेरमा विवाह गर्नेको संख्या यो गाउँपालिकामा ०.४६ प्रतिशत रहेको छ । त्यस्तै १२देखि १७ वर्षको उमेर समूहमा विवाह गर्नेको संख्या १६.४६ रहेको छ । १८ वर्षदेखि २१ वर्ष उमेरमा विवाह गर्नेको संख्या ७५.१३ प्रतिशत रहेको छ भने ४० वर्षमाथि पहिलोपटक विवाह गर्नेको संख्या ०.९७ रहेको छ ।

यो गाउँपालिकामा कृषि तथा पशुपालन गर्नेको संख्या ८८.३७ प्रतिशत छ । ४.०६ प्रतिशत मानिस व्यवसायमा सम्लग्न छन् । दैनिक ज्यालादारीमा काम गर्नेको ४.०६ र निजी क्षेत्रमा काम गर्नेको संख्या ०.२७ रहेको छ । वैदेशिक रोजगारीको लागि यो गाउँपालिकामा बासोबास गर्नेको संख्या १.२९ रहेको छ भने सरकारी जागिरे १.८ प्रतिशत छन् । स्वरोजगार ०.१६ प्रतिशत मात्रै छन् ।

आर्थिक रुपमा सक्रिय महिलाको संख्या हेर्ने हो भने यो गाउँपालिकामा १५देखि ६४ वर्ष उमेर समूहका ६३.३२ प्रतिशत महिला सक्रिय छन् । यही अनुपातमा पुरुषलाई हेर्ने हो भने पुरुषको उपस्थिति ६५.५७ रहेको छ । यो गाउँपालिकामा अपाङ्गता भएका मानिसको संख्या ३६१ रहेको छ । यो गाउँपालिकामा कुल जनसंख्याको २.८८ प्रतिशत मानिस अपाङ्गता भएका छन् ।

यो गाउँपालिकामा बसाई रहेर आउने भन्दा जानेको संख्या धेरै रहेको पाइएको छ । एक वर्षको तथ्याङ्कलाई हेर्ने हो भने एक वर्षमा यो गाउँपालिकामा ९७ परिवार वसाई सरेर गए भने २२ परिवार अन्यत्रबाट आएको देखिन्छ । गाउँपालिकाले तयार पारेको डिजिटल पाश्व चित्रलाई आधार मान्दा यो गाउँपालिकामा २०७६/०७७मा ३३६ महिला र ३७६ पुरुषको जन्म दर्ता भएको छ । यो अवधिमा ९८ वटा विवाह दर्ता भएका छन् ।

तीन महिना मात्र खान पुग्ने मानिसको परिवार संख्या यो गाउँपालिकामा ७८६ रहेको छ भने तीन महिनादेखि ६ महिनासम्म खानपुग्ने परिवार संख्या एक हजार ८ रहेको छ । ६देखि ९ महिना खान पुग्ने परिवारको संख्या ४३२ रहेको छ । त्यस्तै एक वर्ष खान पुग्ने परिवारको संख्या ९४ र वर्ष भरि खाएर बेच्न पुग्ने परिवारको संख्या १९ मात्र रहेको छ ।

यहाँ कच्ची संरचना भएका घर दुई हजार १ सय ९७ रहेका छन् भने एक सय ७० घर अर्धकच्ची पक्की घर ५ र खर फुसको १९० वटा रहेका छन् ।यहाँका ५५८ जना मानिस वैदेशिक रोजगारीमा छन् । जसमा मलेशिया जानेको संख्या यो गाउँपालिकामा धेरै छ । यो गाउँपालिकामा वैंकमा खाता नभएका मानिसको संख्या धेरै छ । अझ वैंकमा खाता खोल्नुपर्छ भन्ने चेतना नभएका मानिसको संख्या पनि छ । गाउँपालिकाभित्र बसोवास गर्ने ३६० घरधुरीले मात्रै वैंकमा खाता खोलेका छन् । पाथीभरा,नागी चौर, घुमाउने पोखरी, अन्लोङ्देन टार, साजु पोखरी, माने पोखरी आदि धार्मिक तथा पर्यटकीय क्षेत्र हुन् ।

यहाँ एक आयुर्वेद अस्पताल, ६ स्वास्थ्य चौकी, ३ वटा वर्थिङ सेन्टर र ३ सामुदायिक स्वास्थ्य इकाई रहेका छन् । गाउँपालिकाको तथ्याङ्कलाई आधार मान्ने हो भने ७९२ जना मासिन प्रमुख रोगवाट ग्रसित छन् । अल्जाइमर १०, आस्थामा २००, उच्चरक्तचाप १४२ क्यान्सरका २७ विरामी छन् । यहाँ ५९२ वटा सार्वजनिक धारा छन् । खानेपानीको उपयोग गर्ने परिवार संख्या हेर्ने हो भने कुवाको पानी ६, मूलको पानी ८७, पोखरीको पानी १७, खोलाको पानी १० परिवारले खान्छन् भने एक हजार ८ सय ५१ परिवारले व्यक्तिगत धाराको पानी खान्छन् ।

शौचालय प्रयोग गर्नेको संख्यालाई हेर्ने हो भने अझै पनि १२६ परिवारमा शौचालय छैन । ४४१ परिवारमा सामान्य शौचालय छ । त्यस्तै १९५ परिवारमा पक्की ढलमा सिसाइएको शौचालय छ भने १८०० परिवारमा पक्की सेफ्टी ट्याङ्की छन् ।

आधुनिक सुविधामा पहँच लाई हेर्ने हो भने यो गाउँपालिकामा वसोवास गर्ने मानिसको २ वटा घरमा मात्रै फिज छ । मोटरसाइकल प्रयोगकर्ता २२,कम्प्युटर प्रयोग कर्ता ४८, टेलिभिजन प्रयोगकर्ता ३०२ र मोवाइल प्रयोगकर्ता २२५२ छन् ।

## असार १ देखि ...

मौलिक हकमा समावेश गरिएकाले शिक्षाको दायित्व राज्यको भएको तथा पहिलो पटक समाजवादोन्मुख शिक्षा नीति जारी भएकाले सार्वजनिक विद्यालयको रुपान्तरणका लागि बजेट केही वृद्धि भएको र वैकल्पिक, प्राविधिक, विशिष्टीकृत तथा खुला शिक्षाको विकास भइरहेको स्पष्ट गरे ।

उनले विद्यालय शिक्षामा बालबालिकालाई ल्याउने, टिकाउने र सिकाउने अभियान अन्तर्गत शिक्षा, श्रम, उत्पादन, जीवन र समृद्धिसँग जोड्दै कक्षा ५ सम्म दिवा खाजा र कक्षा ६ देखि १० सम्मका छात्राका लागि स्यानेनेटरी प्याडका लागि पर्याप्त बजेट विनियोजन गरिएको जानकारी दिए । शिक्षक दरबन्दी अभाव पूर्तिका लागि तत्कालका लागि शिक्षक शिक्षण अनुदान र स्वयम्सेवक शिक्षक खटाइने व्यवस्था गरिएको उल्लेख गर्दै उनले 'माटो चिनौँ' भन्ने उद्घोषणसहित स्वयम्सेवक शिक्षक खटाउने विधि तय गरिसकिएले यसमा पार्टीका कार्यकर्ता भर्ती गर्ने भन्ने प्रश्न नआउने बताए ।

उनले 'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम' र 'सार्वजनिक विद्यालय सबलीकरण दशक कार्यक्रम'लाई व्यवस्थितरुपमा परिचालन गर्न स्थानीय तहबाट सिफारिस भएका विद्यालयको भौतिक पूर्वाधार विकास र गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने पनि जानकारी दिए ।

**'संविधानविपरीत निजीलाई जिम्मेवारी दिइन्न'**

निजी विद्यालयलाई सामुदायिक विद्यालयको गुणस्तर सुधारको जिम्मेवारी किन दिएको भन्ने प्रश्नमा मन्त्री पोखरेलले निजीलाई त्यस प्रकारले जिम्मेवारी नदिइने आशय अर्थमन्त्रीबाट पनि आइसकेको स्मरण गराउँदै भने- संविधान र शिक्षा नीतिविपरीत सार्वजनिक विद्यालय सुधारका लागि निजी विद्यालयलाई जिम्मेवारी दिइने छैन । निजी विद्यालयबाट रकम लिएर कोष स्थापना गरी विधि बनाएर सामुदायिक विद्यालयको सुधारमा खर्च गरिनेछ । यसका लागि अन्य उपयुक्त विकल्पमा पनि छलफल गर्न सकिन्छ । मन्त्री पोखरेललाई सांसद् गगनकुमार थापा, प्रेम सुवाललगायतले पूरक प्रश्न गरेका थिए ।

## कोरोना ...

अहिलेसम्म त्यसको परीक्षण हुन नसक्दा सर्वत्र गुनासो बढेको पाइएको छ ।

खोप विकास भएको सार्वजनिक भएपछि उक्त प्रयोगशालामा राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय विभिन्न सञ्चारमाध्यमका पत्रकारको भीड हुने गरेको सो अध्ययन संस्थानका अर्का सहप्राध्यापक दामोदर गैरेले जानकारी दिए । जडीबुटी विशेषज्ञ एवं उक्त खोप विकासमा सहयोगी प्राध्यापक गैरेले उक्त औषधि (खोप) कहिले परीक्षण गराउने हो भन्ने विषयमा पत्रकारको जिज्ञासा अत्यधिक रहेको बताए ।

वनारस हिन्दू विश्व विद्यालयबाट फाइटो केमेस्ट्रीमा पिएचडी गरेका डा. दासले कोरोना भाइरस नियन्त्रणका लागि केही एन्टी अक्सिडेन्ट एक्टिभिटी र इन्जेमेटिक एक्सन भएको प्लान्ट लिएर शोध गरी उक्त औषधिको विकास गरे । विभिन्न १५ किसिमका स्वास्थ्यवर्द्धक जडीबुटीबाट यो खोपको विकास गरिएको जिकिर गरिएको छ । उक्त खोपको परीक्षण कहिलेदेखि हुन्छ भनी राससको जिज्ञासामा डा दासले नेपाल सरकारको माध्यमबाट छिटो परीक्षण हुने र त्यसका लागि सामाजिक विकासमन्त्री दुलाल लाग्नुभएको प्रतिक्रिया दिए ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले समेत सो खोप सम्बन्धमा डा. दाससहित ७३ राष्ट्रसँग भिडियो कन्फ्रेन्समार्फत् छलफल गरी आवश्यक सुझावसमेत दिएको छ । त्यसपछि यो खोपप्रति नेपाली जनताको चासो बढ्दै गएको छ । अहिले सो प्रयोगशालामा खोप सम्बन्धी जानकारी लिनका लागि भीड लाग्ने गरेको त्यहाँका कर्मचारी बताउँछन् ।

## गाउँपालिकाको ...

प्रमुख प्रशासशीय अधिकृत डम्बरवहादुर आङदेम्वेलाई हस्तान्तरण गरिएको छ । ८४ पृष्ट लामो पाश्र्व चित्रमा गाउँपालिकाका सबै पक्षलाई समेटिएको छ । पाश्र्व चित्रले गाउँपालिकाको विस्तृत वस्तुगत विवरण, वर्तमान अवस्था, जनसङ्खीकी विवरण, सामाजिक तथा सास्कृतिक आर्थिक विवरणसहित वातावरणीय पक्षलाई समेत समेटिएको प्रमुख प्रशासकीय अधिकृत आङ्देम्वेले बताए । पाश्र्व चित्र एनएन फाउण्डेशनका प्रवन्ध निर्देशक निरज निरौलाले गाउँपालिकालाई हस्तान्तरण गरेका थिए ।

## चार ...

काँकडभिट्टा माविस्थित होल्डिङ सेन्टरमा स्वाथ्यकर्मी, जनप्रतिनिधिसहितको टोलीसँगै रहेर स्वास्थ्य जाँच, व्यवस्थापनमा सेनाको टोलीले सहयोग गरिरहेको उहाँले बताउनुभयो ।

सीमा क्षेत्रबाट भित्रिने सबै नेपालीलाई होल्डिङ सेन्टरमा ल्याएर ज्वरो नाप्ने र आरटिडी गर्ने काम भइरहेको छ । नेपाली सेनाले स्वास्थ्य परीक्षण र अभिलेखको काम गरिरहेको छ । बाहिनीपति डा तामाङले काँकडभिट्टा र कचनकवलस्थित सेना टुकडीको अनुगमन तथा अवलोकन गर्नुभएको छ । सो अवसरमा उहाँले क्वारेन्टिनलाई मापदण्डअनुरुप बनाउन तथा त्यसको व्यवस्थापन गर्न र सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन निर्देशन दिए ।


**बिर्तामोड नगरपालिकाको**

**कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित सूचना मितिः २०७७।०२।२६**

बिर्तामोड नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको आर्थिक वर्ष ०७६/०७७को बार्षिक स्वीकृत कार्यक्रम अनुसार बिर्तामोड नगरपालिका र सहारा नेपाल साकोस चारपानेको साझेदारीमा तपशिल अनुसारको अनुदान कार्यक्रम सञ्चालन हुने भएकाले यो सूचना प्रकाशन गरिएको छ, इच्छुक कुखुरा पालक कृषक तथा व्यवसायीहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन (२०७७/०२/०८ गते) भित्र कार्यालय समयमा उपस्थित भई रितपूर्वक प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

**तपशिल :**

| क्र.स. | कार्यक्रमहरु | संख्या | बिर्तामोड नगरपालिका र सहारा नेपाल वाट (प्रति मैसिन खरिदमा) दिईने अनुदान रकम रु. |
|---|---|---|---|
| १ | Hatching Machine खरिद | २ | १००,०००। |
| २ | Genertor खरिद | २ | ५०,०००। |

**आवश्यक कागजातहरुः :**
१) सुचना बमोजिमको निवेदन १ थान २) नगरिकताको फोटोकपि १ थान ३) व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि १ थान
४) जग्गा धनीपूर्जाको कपि/जग्गा भाडामा भए कम्तीमा १० वर्षको सम्झौताको पत्रको प्रतिलिपि १ थान
५) वडा कार्यालयको सिफारिस १ थान
**विस्तृत जानकारीका लागि : कार्यालयको फोन ०२३-५४६६७३ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

**पशुपति खतिबडाः प्रमुख प्रशासकीय अधिकृत**






**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं**

- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- साबुन पानीले पटक-पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो-खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन-९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।

बिर्तामोड नगरपालिका

**बिर्तामोड नगरपालिकाको**

**कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित सूचना मितिः २०७७।०२।२६**

बिर्तामोड नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको आर्थिक वर्ष ०७६/०७७ को बार्षिक स्विकृत कार्यक्रम अनुसार बिर्तामोड नगरपालिका र सहारा नेपाल साकोस चारपानेको साझेदारीमा सञ्चालन हुने मासु पसल सुधार कार्यक्रम (संख्या : २० वटा) सञ्चालनका लागि यो सूचना प्रकाशन गरिएको छ, इच्छुक व्यक्ति/समूह/सहकारी तथा मासु पसल व्यवसायीहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन (२०७७/०२/०८ गते) भित्र कार्यालय समयमा उपस्थित भई रितपूर्वक प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

*नोट : गाउँस्तरका वजार र चौकलाई बढी प्राथमिकता दिइनेछ ।*

**आबश्यक कागजातहरुः :**
१. सूचना बमोजिमको निवेदन १ थान २. नगरिकताको फोटोकपि १ थान
३. व्यवसाय दर्ता भएमा प्रमाण पत्रको प्रतिलिपि १ थान
४. घरभाडा/सटर भाडाको कम्तीमा १० वर्षको सम्झौताको पत्रको प्रतिलिपि १ थान
५. वडा कार्यालयको सिफारिस १ थान
**विस्तृत जानकारीका लागि :** कार्यालयको फोन ०२३-५४६६७३मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**पशुपति खतिबडाः प्रमुख प्रशासकीय अधिकृत**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा





(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# विवादमा अल्झिनु हुँदैन

चार लाखभन्दा बढी मानिसको ज्यान लिइसकेको कोरोना भाइरसको संक्रमण व्यापक भइरहेको छ। खासगरी यसको फैलावट भारतमा अनियन्त्रित भएकाले तीनतिरबाट जोडिएको नेपाल र हामी नेपालीको जीवन असुरक्षित बन्दै गएको छ। सरकारको अकर्मण्यता र कोरोनाबिरूद्धको कार्ययोजनाको अभावमा समुदायमा समेत फैलिने जोखिम उत्तिकै छ। पूर्वतयारी नहुँदा, सम्भावित जोखिमको अनुमान गर्न नसक्दा, साबधानी नअपनाउँदा र आवश्यक उपकरणको जोहो नगर्दा यतिबेला जनताले सास्ती व्यहोर्नु परिरहेको छ। यद्यपि सरकारले कोरोना रोकथाम, उपचार र नियन्त्रण शीर्षकमा अलेख खर्च भइसकेको जनाएको छ। तर त्यो लगानी वास्तविक सेवापेक्षीसम्म पुगेको कतै सुनिएको छैन।

प्रवासमा रहेका नेपाली रोजगारी समेत गुमेपछि स्वदेश फर्किए। यसरी फर्किएकाहरूलाई आवश्यक व्यवस्थापन गरिएन। कति त अझै सरकारको लगतमा समेत परेका छैनन्। जो विवरण सहित सरकारको सम्पर्कमा आए तिनले उपचार होइन परीक्षण गराउनै पाएनन्। केही भने भरपर्दो नभएको आरडीटी परीक्षणकै भरमा घर पुगे, समुदायसँग घुलमिल पनि भए। फेरि यहाँ आइपुग्दा लक्षण नदेखाएको भाइरसको संक्रमण फैलिएको मात्रै छैन मृत्युको दर पनि बढाइरहेको छ। महामारी रोकथाम र उपचारका लागि फिजुल खर्च रोक्न, मितव्ययी हुन सरकारलाई दिएको सुझाव कार्यान्वयनमा देखिएको छैन।

जनताको स्वास्थ्यप्रति उत्तरदायी मन्त्रालय शुरूमै विवादित बन्न पुग्यो। स्वास्थ्य उपकरण खरिदमा कमिशन हाबी भएको भन्दै व्यापक बिरोध भयो। प्रतिपक्ष, नागरिक समाज र जनस्तरबाटै व्यापक बिरोध भएपछि सम्झौता खारिज गरियो तर उपकरणको अभाव भने यथावत छ। पीसीआर विधिबाट परीक्षण गर्न दबाब दिइरहँदा पनि सरकार आरडीटी विधिलाई नै जोड दिइरहेको छ। यसले सरकारको नियतमाथि अविश्वास बढाइरहेको छ। त्यसमाथि स्वास्थ्य मन्त्रालय र विभागमा सरूवा, कारबाही गरेर सेवामा अस्थिरता, अनिश्चय र अनियमितताको आशंकालाई वल पुऱ्याएको छ।

देश एकातिर कोरोना भाइरसले सृजना गरेको महामारीले ग्रस्त छ भने अर्कातिर जनताको प्रतिनिधि संस्था प्रतिनिधिसभा भाषा विवादमा अलमलिएको छ। सबै जिम्मेवार व्यक्ति र संस्थाहरू एकलब्य दृष्टिले कोरोना नियन्त्रण गर्न लाग्नुपर्ने बेला प्रदेशदेखि संघसम्मका सदस्य तथा मन्त्रीहरू आफ्नै स्वार्थमा सीमित छन्। व्यक्ति स्वार्थका अघि राष्ट्रिय स्वार्थ गौण बनिएको छ। यही विवादकाबीच अंगीकृत नागरिकलाई राजनीतिमा निषेध गर्नु पर्ने बहस पनि शुरू भएको छ। देशको भबिष्य र जनताको सुरक्षा र समृद्धिका लागि यो तर्क पनि जायज हुनसक्छ। तर यस्ता बहस र विवादले राष्ट्र र राष्ट्रिय अखण्डतामाथि आँच आउनु हुँदैन। मेचीको जमिन अतिक्रमण हुँदा महाकालीमा बस्नेहरूको मन दुख्नु पर्छ। लिम्पियाधुरालाई पराईले आँखा लगाउँदा मानेभञ्ज्याङलाई पोल्नुपर्छ। जो जहाँ बसे पनि पुर्खाको वीरतामा गौरव गर्ने, स्वतन्त्रताको रक्षा खातिर जीवन उत्सर्ग गर्ने ऊर्जा मर्नु हुँदैन। देश संकटमा छ र यो सबैको परीक्षाको समय हो, यसलाई अवसर बनाउन सरकारमा बस्नेहरूले गम्भीर हुनै पर्छ।

# नेपालमा भ्रष्टाचार र गरिबी



रमेश भण्डारी

कमिशन, घुस, अपारदर्शिता, अनाधिकृत आम्दानी, असुली, नीतिगत फटाइँ र असान्दर्भिक काम आदि। यस्तै भ्रष्ट आचारका काम अर्थात् भयङ्कर बदनामी तथा जरिवाना र जेलवाससम्म हुने अपराध। गर्नुपर्ने काम नगरेर वा गर्न नहुने काम गरेर भ्रष्टाचार भइरहेकै छ। हाम्रोमा जे काम गर्दा पनि भ्रष्टाचार हुने गरेको समाचार सुन्ने गरिएको छ।

सबैले किन विरोध गर्छन् ? अनि भेटेजति सबैले किन भ्रष्टाचार गर्छन् ? भ्रष्टाचारकै विरोधमा आन्दोलन भएर देशमा विभिन्न राजनीतिक परिवर्तन पनि भए। अहिले पनि मूल राजनीतिक विषय र विचारभन्दा भ्रष्टाचारको मुद्दा नै हाबी छ। जनताले सधैँभरि साथ दिएकै छन्। तरपनि भ्रष्टाचारमा कुनै कमी हुँदैन। अहिले मन्त्रालयलगायत सरकारी कार्यालयका मूलद्वारमा लेखेर टाँसिएको छ- 'म भ्रष्टाचार गर्दिनँ, गर्न पनि दिन्नँ।' तर भ्रष्टाचार भइरहेकै छ।

भ्रष्टाचार हुन नदिन सरकार छ। कर्मचारी छन्। सीबीआई छ। सतर्कता केन्द्र छ। यतिले नपुगेर संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग पनि छ। तर, पनि भ्रष्टाचारमा खोइ कमी आएको ? नेताले विरोध गरेका छन्। कर्मचारीले पनि विरोध गरेका छन्। भाषण गर्छन्। मिडियामा आउँछ। अनि देशमा कसले गरिराखेको छ भ्रष्टाचार ? को हो त्यो अमुक शक्ति जसलाई समाउन सकिँदैन ? कसले समाजलाई मुठ्ठीमा लिएको छ ?

नेपालमा भ्रष्टाचार गर्नेले गरिरहेका छन्। दिनहुँ समाचार आइरहेका छन्। यो तीतो यथार्थलाई बुझेरै होला, सरकारले भ्रष्टाचार र राजस्व चुहावट कम गर्न केही फरक तरिका अपनाएको देखिन्छ। तैपनि पाइलैपिच्छे भ्रष्टाचार भएका समाचार आइरहेका छन्।

**भ्रष्टाचार र गरिबीको सम्बन्ध**

भ्रष्टाचारले समाज विकासका विभिन्न पक्षमा असर गर्ने गरेको छ। यसले समाजमा आर्थिक खाडल बढाउँछ। बिना मिहिनेत आम्दानी हुनेको रहनसहन, विकृत सोचाइ, अनावश्यक खर्च र तडकभडकले समाजका सबै तहमा नकारात्मक असर पार्ने गरेको विभिन्न अध्ययनले देखाएको छ।

भ्रष्टाचारका दुई पक्षमध्ये पहिलो पक्ष भनेको आर्थिक क्रियाकलाप र असमान आम्दानी हुनाले समाजमा पैसा कमाउने उपायमा विकृत मानसिकताको जन्म हुन्छ। रातारात अनाधिकृत रुपमा पैसा आउनु र त्यसबाट हुने बिचलनले त्यस्ता मानिसले समााजप्रति गर्ने व्यवहार र काम गर्ने तौरतरिकाले दूषित वातावरण पैदा गर्दछ। यसको अर्को पक्ष, भ्रष्टचारले सुशासन क्षमतामा कमी आउँछ। कार्यसम्पादनमा ढिलासुस्ती र नैराश्यता बढ्न गएर गरिबी बढ्छ। यसरी हेर्दा भ्रष्टाचार र गरिबीको सम्बन्ध गहिरो छ।



यसलाई दुई पक्षबाट विश्लेषण गर्न सकिन्छ। पहिलो, आर्थिक क्रियाकलाप, जसले असमान आम्दानी हुने गरी समाजमा स्थापित मूल्य मान्यतालाई बिचलित बनाउँछ। यसरी पनि समाजमा गरिबी बढ्छ।

त्यसैगरी सुशासन दोस्रो पक्ष हो, जसले काम गर्ने संयन्त्रलाई धुजा धुजा पारी कार्यदक्षतामा क्षयीकरण गरेर गरिबी बढाउँछ। भ्रष्टाचारले हुने अर्को नकारात्मक असर भनेको दाता राष्ट्रबाट आउने सहयोगमा कमी हुनु हो। बेरोजगारी बढ्नु, सुसंस्कृत समाजको निर्माणमा बाधक हुनु, जनतामा निराशा र नकारात्मक भावनाको विकास तथा विश्वासको अभावजस्ता पक्ष पनि देशमा देखिएका छन्।

**भ्रष्टाचार घटाउने कसरी ?**

नेपालीको नियति र भ्रष्टाचारको जरो गहिरो देखिन्छ। भ्रष्टाचारीलाई कारबाही गर्यो भने सबै पालिका खाली हुन्छन् भन्ने अभिव्यक्ति मन्त्रीहरुबाट आउनुलाई देशमा भ्रष्टाचारको संस्कृति मौलाएर गएको छ भन्ने निष्कर्षको रुपमा लिन सकिन्छ। सबै तह तप्काका मानिसलाई अवैधानिक कमाइ गर्न कुनै अप्ठ्यारो लाग्दैन। तल्लो तहमा सानो काम गर्ने उपभोक्ता समिति पनि अवैधानिक नाफा गर्नेदेखि जो जसका हातमा रकम आइपुग्यो उसैले कुनै न कुनै बहानामा रकम असुल्ने संस्कृतिको विकास भएको देखिन्छ। यी सबै अवैधानिक रुपमा रकम असुल्ने क्रियाकलाप 'ओपन सेक्रेट' भइसकेका छन्।

नेपालमा भ्रष्टाचार न्यूनीकरण नगरी गरिबी निवारण र देशको विकास नहुने अवस्था देखिन्छ। भ्रष्टाचार न्यूनीकरण कसरी गर्ने ? कुनै निर्विकल्प उपाय भने देखिँदैन। अरु देशको उदाहरण हेर्दा नेपालमै त्यो सिद्धान्त लागू नहुन सक्छ। तर पनि सरकारले गरिबी निवारण गर्ने, आर्थिक वृद्धि गर्ने र समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य राखेको छ। तर भ्रष्टाचार न्यूनीकरण नगरी त्यो सम्भव छैन। भ्रष्टाचार नियन्त्रण कसरी गर्ने भन्ने मुख्य चुनौति हो।

नेपालमा भ्रष्टाचारसँगै गरिबीको अर्को पाटो हेरौँ। उदाहरणको लागि केही नतिजा हेरौँ। अति गरिब देश नेपाल, जग्गाको मूल्य अधिक हुनु, बिलासी भवन र विलासिताका सामग्रीको प्रयोग, वार्षिक व्यापार घाटा, रहनसहन र परम्परा, पैसाको चलखेल र व्यापार, सामाजिक तथा सांकृतिक पक्ष र नेपालको गरिबी। यी पक्षलाई केलाएर कानुनी दायरामा ल्याई अनुगमन प्रणाली व्यवस्थापन गर्ने हो भने भ्रष्टाचारमा कमी आउन सक्छ।

भ्रष्टाचार घटाउन भ्रष्टाचारीलाई बढी सजाय हुने, निश्चित रकमभन्दा बढीको खरिदमा आम्दानीको स्रोत अनिवार्य खुलाउनुपर्ने र नगद कारोबार गर्न नपाउने र आम्दानीको स्रोतको नियमित अनुगमन, आम्दानी अनुसारको तिर्नुपर्ने कर र कर तिरे अनुसारको आम्दानीका आधारमा लगानीजस्ता कुरालाई कानूनद्वारा नियमन गरेर भ्रष्टाचार कम गर्न सकिन्छ। (उज्यालो अनलाइन)

# अमेरिकी प्रहरीमा सुधारको प्रस्ताव

**वासिङ्टन, जेठ २७।** अमेरिकी तल्लो सदन कंग्रेसमा बहुमतमा रहेको डेमोक्र्याट पार्टीले सोमबार व्यापक सुधारसहितको प्रहरी कार्यविधि र जवाफदेहीता समेटिएको नयाँ कानुन प्रस्ताव गरेको छ।

प्रहरी नियन्त्रणमा रहेकै अवस्थामा एक अश्वेत अमेरिकीको ज्यान गएको विरोधमा देशव्यापी विरोध प्रदर्शन भएसँगै डेमोक्र्याट पार्टीले नयाँ प्रस्ताव अघि सारेको हो।

राष्ट्रपतिका लागि चुनावी वर्ष रहेकाले डेमोक्र्याटिक पार्टीले अघि सारेको प्रस्तावमाथि राजनीतिक सहमति तत्काल बन्ने सम्भावना न्यून छ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले देशव्यापी प्रदर्शनहरु हिंसात्मक हुँदै गएपछि कानून व्यवस्था बहाल गर्न सेना परिचालन गर्नेसम्मको चेतावनी दिएपछि त्यसको सर्वत्र आलोचना भएको थियो। कंग्रेसकी सभामुख न्यान्सी पेलोसीले अमेरिकी दासत्व युगको स्मरण गर्दै भने- अमेरिकामा रुपान्तरीय संरचनात्मक परिवर्तन नगरी हामी कुनै पनि कुराको समाधान गर्न सक्दैनौं।

प्याकेज सार्वजनिक गर्नुअघि कंग्रेस र सिनेटका डेमोक्र्याट सदस्यहरुले संसदको हलमा ८ मिनेट ४६ सेकेन्डसम्म मौनधारण गरेका थिए। त्यसबखत हालै मारिएका अश्वेत नागरिक जर्ज फ्लोएड र पछिल्ला प्रहरी कारबाहीमा मारिएका अरु केही अश्वेत व्यक्तिहरुका नाम वाचन गरिएको थियो। ह्वाइट हाउसमा कानुन कार्यान्वयन अधिकारीहरुसँग भेटघाट गर्नु भएका राष्ट्रपति ट्रम्पले डेमोक्र्याट पार्टीको शैली अनौठो रहेको प्रतिक्रिया दिएका थिए।

क्यापिटल हिलबाट भेला भएका प्रदर्शनकारीहरुले प्रहरी विभागलाई पुनः संरचना गर्न माग गर्दै नारा लगाएका थिए। उनीहरुले प्रहरीका लागि भइरहेको खर्चमा कटौती गर्न पनि माग गरेका थिए। तर राष्ट्रपति ट्रम्पले ट्वीट गर्दै भने- खर्च कटौती र प्रहरी सेवा भङ्ग, यी हुनै सक्दैनन्। उनले बैठक पछि घोषणा गर्नुभयो, हामी प्रहरी सेवा भङ्ग गर्न सक्दैनौं।

डेमोक्र्याट नेताहरुले प्रहरी सेवा भङ्ग गर्न नचाहेको भन्दै राष्ट्रपतिको भनाईको प्रतिवाद गरेका थिए। पार्टीले अघि सारेको प्रस्तावले प्रहरीलाई अझ बढी जवाफदेही र पारदर्शी हुन मद्दत गर्ने उनीहरुको भनाई थियो। अमेरिकी पूर्व उपराष्ट्रपति जो बाइडेनले प्रहरी सेवामा खर्च नगर्ने भनाई ठीक नभएको बताउँदै प्रहरीमा सुधारको आवश्यकतामाथि जोड दिएका थिए।

डेमोक्र्याट पार्टीले अघि सारेको प्रस्तावले प्रहरीलाई प्राप्त असीमित संरक्षणलाई सीमित गर्नेछ। यसबाहेक प्रस्तावले प्रहरीको अतिशय बल प्रयोग र घाँटीमा थिच्नबाट बञ्चित गर्नेछ।

अनुशासनहीन कार्यमा संलग्न प्रहरीमाथि सहज रुपमा कारबाही चलाउन नयाँ प्रस्तावले सहयोग पुग्ने डेमोक्र्याट पार्टीको ठम्याई छ।

# उत्तर कोरियाले दक्षिणसँग सञ्चार सम्पर्क बन्द गरेको घोषणा

**सियोल, जेठ २७।** उत्तर कोरियाले मंगलबार मध्यान्हदेखि लागू हुने गरी दक्षिण कोरियासँगको सम्पूर्ण संचार सम्पर्क बिच्छेद गर्ने जनाएको छ।

दुबै देशको सीमा क्षेत्रमा उत्तर कोरिया विरोधी पर्चा फालेको तर दक्षिण कोरियाले यसलाई रोक्नेतर्फ पर्याप्त ध्यान नदिएको उत्तर कोरियाले आरोप लगाएको छ।

दक्षिण कोरिया सरकारले कोरियाली प्रायःद्वीपमा शान्ति कायम गर्न थप कार्य गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। आणविक निःशस्त्रीकरणको विषयलाई लिएर उत्तर कोरिया र अमेरिकाबीच जारी गतिरोधले पनि दुबै कोरियाबीचको सम्बन्धमा सुधार आउन सकेको छैन। केही विज्ञहरुले उत्तर कोरियाले आन्तरिक एकता बलियो बनाउन पनि जानीबुझी यस्तो निर्णय गरेको बताएका छन्। उत्तर कोरियाली सेन्ट्रल न्यूज एजेन्सीले सम्पर्क संजालले खासै फाइदा नभएकाले सबै दुई देशीय सम्पर्क संजाल बन्द गर्नु परेको जनाएको छ। उत्तर कोरियाबाट भागेका र दक्षिण कोरियाली रुढीबादी प्रदर्शनकारीहरुले उत्तर कोरियातर्फ सीमा क्षेत्रबाट ठुल्ठूला बेलुन उडाएका थिए। यी बेलुनमा उत्तर कोरियाली नेता किम जोङ उनको आणविक महत्वाकांक्षा र मानव अधिकार उल्लंघन गरेको भन्दै आलोचना गरिएका पर्चा पनि राखिएका थिए।

सीमा क्षेत्रबाट भएका अवाञ्छित गतिविधिले उत्तर कोरियाली नेताको नेतृत्वलाई अपमान गरेको उत्तरको बुझाई छ। पटक पटक बेलुन उडाइए पछि उत्तर कोरियाले दक्षिणसँग गरिएका अरु सम्झौताहरु पनि रद्द गर्ने चेतावनी दिइआएको छ।

# ६ जना उच्च कमाण्डरसहित २२ आतंककारी मारिएको दाबी

**भारत, जेठ २७।** भारतीय सुरक्षा निकायले जम्मु तथा काश्मिरमा जारी राखेको आतंककारीविरुद्धको कारबाहीका क्रममा गएको दुई हप्तायता मात्र कम्तीमा पनि २२ जना आतंककारी मारिएको भारतीय सेनाले जनाएको छ।

यस अवधिमा यहाँका आतंककारीका विरुद्धमा भारतीय सेनाले व्यापक मात्रामा कारबाही गरिरहेको बताएको छ। साथै भारतीय सेनाले यस दुई हप्ताको समयमा उक्त क्षेत्रमा विभिन्न आतंककारी संगठनका गरी कम्तीमा पनि छ जना उच्च कमाण्डर पनि मारिएको बताएको छ।

यसअघि सोमबार मात्र पनि भारतीय सेनाले उक्त क्षेत्रमा गएको छ महिनाभन्दा लामो समयदेखि आतंकारीका विरुद्धमा कडा काराबाही जारी राखेको र त्यस क्रममा कम्तीमा पनि ९३ जना आतंककारीहरु मारिएको बताएको थियो।

भारत प्रशासित जम्मु र काश्मिरका प्रहरी प्रमुख दिलबाग सिंहले भारतीय सेना र प्रहरीले गरेको यस संयक्त कारबाहीका क्रममा ती आतंककारी मारिएका जानकारी दिए। साथै उनले त्यसमा आतंककारी संगठनका केही उच्च कमाण्डरहरु पनि रहेको जानकरी दिए। भारतीय सैनिक स्रोतले दिएको जानकारी अनुसार सो क्षेत्रमा अहिले पनि आतंककारी विरुद्धको कारबाही जारी रहेको छ।

त्यसैगरी गएको शनिबार यता मात्र यहाँ भारतीय सुरक्षा निकायले गरेको कारबाहीमा नौजना आतंककारी मारिएको पनि बताइएको छ। यस कारबाहीमा जैस ए मोहमद, लस्कर ए तोएबालगायतका आतंककारी संगठनका उच्च कमाण्डर पनि मारिएका बताइएको छ।

ती आतंककारी भारतीय तथा विदेशी समेत रहेको पनि सो समाचारमा जनाइएको छ। यस कारबाहीका क्रममा भारतीय सुरक्षा निकायका सदस्यहरुलाई भने कुनै क्षति नपुगेको अधिकारीहरुले जनाएका छन्।

# कोरोनाबाट पाकिस्तानमा एकैदिन १००को मृत्यु

**इस्लामाबाद, जेठ २७।** कोरोनाभाइरसबाट संक्रमित भएका एक सयभन्दा बढी व्यक्तिको पछिल्लो २४ घण्टाको अवधिमा मृत्यु भएको पाकिस्तानी स्वास्थ्य अधिकारीहरुले बताएका छन्।

गत मध्य मार्च महिनादेखि जारी आंशिक लकडाउनको अवधिमा भएको मृत्युको यो संख्या सबैभन्दा ठूलो हो। मंगलबारसम्ममा पाकिस्तानमा कोरोनाभाइरसबाट एक लाख ८ हजार ३१६ जना संक्रमित भएका छन् भने कूल मृत्यु हुनेको संख्या दुई हजार १७२ पुगेको छ।

स्वास्थ्य विज्ञ एवम् विपक्षी राजनीतिज्ञहरुले निरन्तर आलोचना गरेपनि प्रधानमन्त्री इमरान खानले लकडाउनका प्रतिबन्धहरु निरन्तर खुकुलो बनाउनु भएको छ। उनले पूर्ण लकडाउनबाट मुलुकको अर्थतन्त्र धरासायी हुने बताउँदै यसबाट २२ करोड पाकिस्तानी जनताको जीवनयापनमा ठूलो संकट आउने चेतावनी दिए।

पाकिस्तानमा गरिबीको स्तर करिब ३० प्रतिशत छ, अर्थात उनीहरुको दैनिक आय १.९० डलरभन्दा कम छ। पाकिस्तानमा सामाजिक दूरी कायम गर्ने तथा मास्क लगाउनुपर्ने नियम भए पनि धेरैले यसलाई बेवास्ता गरिरहेका छन्।

# आर्मेनियाका प्रधानमन्त्री कोरोनाभाइरसमुक्त

**आर्मेनिया, जेठ २७।** कोरोनाभाइरसबाट संक्रमित आर्मेनियाका प्रधानमन्त्री निकोल पाशिनयान डिस्चार्ज भएका छन्।

एक साताअघि प्रधानमन्त्री पाशिनयान र उनको परिवारका सदस्यहरुमा कोविड-१९ पोजेटिभ देखिएको थियो। फेसबुकमा एक सन्देश लेख्दै प्रधानमन्त्री पाशिनयानले आफू र परिवारका सबै सदस्यको कोविड-१९ को पछिल्लो परीक्षणमा नेगेटिभ देखिएको बताए।

सोमबार बिहानसम्म आर्मेनियामा १३ हजार ३२५ जना कोरोनाभाइरसबाट संक्रमित देखिएका थिए, जसमध्ये २११ जनाको मृत्यु भएको छ।

कोविड-१९ महामारी फैलिएसँगै आर्मेनिया सरकारले जारी गरेको आपतकालीन स्थिति आगामी जुन १३ तारिखसम्म रहने छ।



यसैबीच, प्रधानमन्त्री पाशिनयानले मुलुकका तीनै सुरक्षा प्रमुखहरुलाई कोरोना संक्रमण नियन्त्रणमा प्रभावकारी कार्य गर्न नसकेको आरोप लगाउँदै पदबाट बर्खास्त गरे।

बर्खास्तमा परेकाहरुमा सेना, प्रहरी र राष्ट्रिय सुरक्षा सेवाका प्रमुखहरु रहेका छन्। तर प्रधानमन्त्रीले सुरक्षा निकायका प्रमुखहरुबाट के गल्ती भएको थियो भन्ने बारेमा केही बताएका छैनन्।

स्थानीय अखबारले सेना प्रमुख आर्तक डाभत्यानले कोरोना संक्रमणकै अवस्थामा आइतबार छोराको विवाह भोज गरेलगत्तै प्रधानमन्त्रीले सेना प्रमुखलाई बर्खास्त गरेको लेखेको छ। आर्मेनियामा ठूला भेला, भोजभतेर गर्न निषेध गरिएको छ।

# बेलायतबाट नेपाल फर्किन चाहने ३९१ को विवरण नेपाल पठाइयो

**लण्डन, जेठ २७।** बेलायतबाट नेपाल फर्कन जरुरी रहेका ३९१ जनाको विवरण सोमबार नेपाल पठाइएको लण्डनस्थित नेपाली दूतावासले बताएको छ। बन्दाबन्दीका कारण नेपाल फर्कन नपाएकाहरूको विवरण सङ्कलन गरी दूतावासले काठमाडौँ पठाएको दूतावासका प्रवक्ता शरदराज आरणले बताए।

दूतावासको पहलमा गठन गरिएको सूचना सङ्कलन समितिमार्फत दिइएको उक्त जानकारीमा भिसाको म्याद समाप्त भई लामो समयदेखि रोकिइरहेका र यसै महिना भिसा सकिनेको सङ्ख्या १५४ जना रहेको छ। त्यस्तै रोजगार गुमाई घर फर्कन खोजेका ९४, अध्ययनका लागि आएका र अध्ययन पूरा गरेका विद्यार्थी ५०, नेपाल सरकारले तालिमका लागि पठाएका नेपाली सेनाका अधिकृत तथा अन्य कर्मचारीबाट पाँच जना, परीक्षा र तालिमका लागि आएका चिकित्सक तथा अन्य कर्मचारीबाट २१ र पारिवारिक वा अन्य कारणले नेपाल फर्कनुपर्ने ६५ गरी कूल ३९१ जना रहेका छन्।



**सुरक्षाकर्मीलाई स्वास्थ्य सामग्रीः** नेपाल औषधि व्यवसायी संघ मोरङका अध्यक्ष लक्ष्मी तिम्सिना इलाका प्रहरी कार्यालय सिजुवाका सुरक्षाकर्मीलाई मंगलवार स्वास्थ्य सामग्री प्रदान गर्दै । **तस्वीरः मनोज दाहाल/रासस**

# झापाका १२ स्थानीय तहमा कोरोना संक्रमित

**भद्रपुर, जेठ २७।** झापाका १५ वटा स्थानीय तहमध्ये १२ वटा स्थानीय तहमा कोरोना भाइरस संक्रमण भेटिएको छ । सोमबार झापामा १० जना कोरोना संक्रमण पुष्टि भएसँगै जिल्लाको स्थानीय तहका कोरोना भाइरस फैलिएको हो ।

सोमबार गौरीगञ्ज गाउँपालिकामा सात, हल्दिबारी गाउँपालिकामा दुई र मेचीनगर नगरपालिका एक जनामा संक्रमित भेटिएको झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरले जानकारी दिए । हल्दिबारी र मेचीनगरमा पहिलोपटक संक्रमित भेटिएको हो । गौरीगञ्ज वडा नम्बर ५ चिल्लाहारा घर भएका २२, ४१, २५, २०, ३१, १८, २२ बर्षीय पुरूषमा संक्रमण पुष्टि भएको हो ।

उनीहरुमध्ये एक जना भारतको महाराष्ट्र र ६ जना हरियाणाबाट आई खजुरगाछी प्राथमिक स्वास्थ्य केन्द्रको क्वारेन्टाइनमा बसेको गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख रामचन्द्र मिश्रले जानकारी दिए । उनीहरूको स्वाब जेठ २३ र २४ गते संकलन गरी परीक्षण लागि विराटनगर पठाइएको थियो ।

त्यस्तै हल्दिबारीमा पुष्टि भएका दुई जना संक्रमित भारतको आसाम र दिल्लीबाट आएका हुन् । संक्रतिममध्ये एक जना हल्दिबारी २ बस्ने ३१ बर्षीय र अर्को पाँचथर फिदिम-३ बस्ने २३ पुरुष रहेको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख पुष्कर निरौलाले जानकारी दिए । हल्दिबारीका पुरुष दिल्लीबाट र पाँचथरका पुरुष आसामबाट आएको उनले बताए । काँकडभिट्टा नाकाबाट स्वदेश फर्किएका उनीहरुलाई हल्दिबारी स्वास्थ्य चौकीको नयाँ भवनमा बनाइएको क्वारेन्टाइनमा राखिएको थियो । क्वारेन्टाइनमा बसेका २८ जनाको स्वाब पीसीआर परीक्षणका लागि पठाइएकोमा दुई जनाको रिपोर्ट पोजेटिभ आएको उनको भनाई छ । त्यसैगरी मेचीनगर नगरपालिका पहिलो पटक भेटिएको कोरोना संक्रमित भारतको दिल्लीबाट आएका हुन् । मेचीनगर-४ बस्ने २९ वर्षीय पुरुषमा कोरोना भेटिएको हो । एक साता अघि काँकरभिट्टा नाकाबाट स्वदेश घर फर्किएका उनलाई पशुपति माविको क्वारेन्टाइनमा राखिएको थियो ।

यता जिल्लामा सबैभन्दा बढी दक्षिणी झापाको सीमावर्ती गाउँपालिका कचनकवलमा ११३ जनामा कोरोना संक्रमण देखिएको छ । त्यसैगरी गौरीगञ्ज गाउँपालिकामा १२ जनामा, भद्रपुर नगरपालिकामा तीन जना, अर्जुनधारा नगरपालिकामा दुई जना, गौरादह नगरपालिकामा तीन जना, दमक नगरपालिकामा एक जना, झापा गाउँपालिकामा एक जना, बाह्रदशी गाउँपालिकामा चार जना, बुद्धशान्ति गाउँपालिकामा पाँच जना, कमल गाउँपालिकामा एक जना कोरोना पुष्टि भइसकेको छ ।

बिर्तामोड, शिवसताक्षी र कनकाई नगरपालिकामा अहिलेसम्म संक्रमण भेटिएको छ । जिल्लामा पुष्टि भएका कोरोना संक्रमितको संख्या १४८ पुगेको छ । त्यसमध्ये पाँचथरका दुई र ताप्लेजुङ तीन जना रहेका छन् ।

## क्वारेन्टाइनबाट ४० जना भागे

**झापा, जेठ २७।** महोत्तरीको सम्सी गाउँपालिकास्थित क्वारेन्टाइनबाट सरसामानसहित ४० जना फरार भएका छन् ।

भारतका विभिन्न शहरबाट आएर १४-१५ दिनदेखि सम्सी-७स्थित जनता माविमा सञ्चालित क्वारेन्टाइनमा बस्दै आएका ४५ जनामध्येका उनीहरु क्वारेन्टाइनमा आफूहरुलाई दिइएको सरसामान लिएर भागेको क्वारेन्टाइन इञ्चार्ज सुनिलकुमार यादवले बताए ।

उनीहरु छिमेकी गैंढा, भेंटपुर, पोखरभिण्डा, संग्रामपुर र सम्सी गाउँका हुन् । उनीहरु क्वारेन्टाइनबाट भागेको जानकारी लिखित रुपमै गाउँपालिका, वडा कार्यालय र प्रहरीचौकी दिइसकिएको भए पनि अहिलेसम्म खोज्न कुनै पहल नभएको यादवले बताए ।

## नियाको लकडाउनमा बोल्ड लुक्स



टेलिभिजन अभिनेत्री निया शर्मा आफ्नो बोल्ड तस्वीरका कारण समय समयमा चर्चामा आइरहन्छिन् । लकडाउनको क्रममा उनले फेरि बोल्ड तस्वीरहरू सार्वजनिक गर्दै चर्चामा आएकी छिन् ।

उनले आफ्नो हट तस्वीर इन्स्टाग्राममा शेयर गरेकी छिन् । इन्स्टाग्राममा आफ्नो ब्ल्याक ब्रा र ब्ल्याक सर्ट्समा केही तस्वीरहरु शेयर गरेपछि फेरि उनी चर्चामा आएकी हुन् ।

निया इण्डियामा मात्र नभएर अरु देशमा पनि निकै चर्चित छिन् । यति मात्र नभएर नियाले एशियाकै तेस्रो सबैभन्दा सेक्सी महिलाको रूपमा उपाधि पनि पाइसकेकी छिन् । आफ्नो फोटो र भिडियोका कारण अहिले उनको निरन्तर चर्चा छ ।

## अबैध समान बरामद

**झापा, जेठ २७।** झापाको मेचीनगर नगरपालिका-७ टुक्रेबाँधबाट एक लाख १० हजार बराबरको अबैध समान बरामद भएको छ ।

इलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको प्रहरी टोलीले अबैध रुपमा भारतबाट नेपालतर्फ ल्याउँदै गरेको करिव एक लाख १० हजार रुपैयाँ मुल्य बराबरको सुतिको कपडा बरामद गरेको हो । बरामद भएको कपडा आवश्यक कानूनी कारवाहीको लागि मेची भन्सार कार्यालय बुझाइने उक्त कार्यालयले जनाएको छ ।

# करणी उद्योगको उजुरी नलिने प्रहरीविरुद्ध आयोगमा उजुरी दर्ता

**खोटाङ, जेठ २७।** जिल्ला प्रहरी कार्यालय खोटाङले करणी उद्योगसम्बन्धी जाहेरी लिन अस्वीकार गरेपछि पीडित पक्षले राष्ट्रिय मानवअधिकार आयोगलाई गुहारेको छ ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१४ बुइपाका ५७ वर्षीय कुमार बाँस्तोलाविरुद्ध स्थानीय ३२ वर्षीया महिलाले दिएको जाहेरी प्रहरी नायब उपरीक्षक नारायण चिमोरियाले लिन अस्वीकार गरेपछि सोमबार पीडित पक्षले प्रहरीविरुद्ध नै मानवअधिकार आयोगको प्रदेश नं १ शाखा कार्यालय दिक्तेलमा उजुरी दर्ता गराएको छ ।

पीडित भनिएकी महिलाले दिएको उजुरी सोमबार नै दर्ता गरेर अनुसन्धान शुरु गरिएको आयोगका निमित्त प्रमुख सुमित्रा राईले बताइन् । उजुरी आएलगत्तै पीडित महिलासँग सोधपुछ गरेर छानबिन शुरु गरिएको छ- उनले भने- घटनाका विषयमा थप अनुसन्धान गरेर कारवाहीको प्रक्रिया अगाडि बढाइनेछ ।

पीडक बाँस्तोलाले यही जेठ ३ गते राति आफ्नै घरमा आएर बलात्कार प्रयास गर्नुका साथै हातपातसमेत गरेकाले उनीविरुद्ध कारवाहीको माग गर्दै जाहेरी लिएर प्रहरीमा जाँदा पटक-पटक फर्काइदिएपछि मानवअधिकार आयोगमा उजुरी दिइएको पीडित महिलाले बताइन् । म अन्यायमा परेकी छु- उनले भनिन्- प्रहरीमा न्याय माग्न जाँदा उल्टै हप्काएर पठाएपछि मानवअधिकार आयोग गुहारेकी हुँ ।

मादक पदार्थ सेवन गरेर आएका पीडक बाँस्तोलाले गाउँका जोसुकैकी श्रीमती, छोरी र बुहारी पनि समाउन सक्छु भन्दै आफूलाई बलात्कार गर्न हातपात गरेको पीडित महिलाले बताइन् । बेलुकाको करिब ९ बजेको समयमा हाम्रो घर आएका बाँस्तोलाले मेरो श्रीमान्सँग विभिन्न बहानामा निहुँ खोजिरहेका थिए- उनले भनिन्- खाना खाइसकेर श्रीमान् चर्पी गएको मौका छोपेर मलाई कम्मरमा समाएर लडाउनुका साथै मेरो संवेदनशीन अङ्गमा समेत पक्रेर बलात्कार प्रयास गरे ।

घटनास्थलमा पीडक भनिएका बाँस्तोला र महिलाबीच दोहोरो हात हालाहाल समेत भएको स्थानीय बासिन्दाले बताएका छन् । घटनामा महिलाले बाँस्तोलालाई दाउरा प्रहार गर्दा बाँस्तोलाको टाउकोमा चोटसमेत लागेको छ । बलात्कारको प्रयास असफल भएपछि घटनास्थलबाट भागेका बाँस्तोलाले प्रहरी टोली ल्याएर आफूहरूलाई नै उल्टै पक्राउ गराएको पीडित पक्षको आरोप छ । घटनालगत्तै पक्राउ परेका पीडित भनिएकी महिला र उनका श्रीमान्विरुद्ध प्रहरीले अभद्र व्यवहार अभियोगको मुद्दा दर्ता गरेर कारवाही गरेको थियो ।

११ दिन हिरासतमा बसेर तारिखमा छुटेका उनीहरूले जिल्ला प्रशासन कार्यालय खोटाङमा रु. ४२ धरौटी बुझाएका छन् । धरौटीमा छुटेपछि पीडक बाँस्तोलाविरुद्ध मुद्दा दर्ता गर्न जाँदा प्रहरीले पटक-पटक फर्काउने गरेको उनीहरूको आरोप छ ।

उता प्रनाउ चिमोरियाले भने महिलामाथि भएको घटना करणी उद्योग नभई यौन दुर्व्यवहार भएकाले उनले प्रहरीमा दिएको उजुरी फर्काइएको बताए ।यौन दुर्व्यवहारसम्बन्धी मुद्दा अदालतले हेर्छ- उनले भने- पीडित भनिएकी महिलाले करणी उद्योगको मुद्दा ल्याएकाले प्रहरीकै परामर्शमा यौन दुर्व्यवहारअन्तर्गतको मुद्दा लिएर अदालत जान सुझाव दिइएको छ ।

पीडक भनिएका बाँस्तोलाले भने आफूमाथि योजनाबद्ध तरिकाले हातपात गर्नुका साथै चरित्रहत्या गर्न झुटो आरोप लगाएको बताएका छन् । यसअघि भएको घरायसी विवादमा उनीहरूले योजनाबद्ध तरिकाले कुटेर फालेको बाँस्तोलाको आरोप छ । पीडित भनिएकी महिलाबाट कुटाइ खाएका बाँस्तोलालाई एम्बुलेन्समार्फत काठमाडौं लगेर उपचार गरिएको आफन्तले बताएका छन् । उनको टाउको, हात र आँखामा गहिरो चोट लागेको प्रत्यक्षदर्शीले बताएका छन् ।


## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर
## गोरखा डिपार्टमेन्ट स्टोर

हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

## पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्र्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## वर्गीकृत विज्ञापन

### सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

### हिजोको सूनचाँदीको भाउ

छापावाला सुन : ७७,०००।-
तेजावी सुन : ७६,७००।-
असल चाँदी : ७२५।-

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

### आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना *(महिला/पुरुष)*
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

## कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## डाक्टर आउने बारेको सूचना

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** चुनौतिपूर्ण कामको जिम्मेवारी आए पनि बुद्धि-विवेकले काम सम्पादन गर्न सकिनेछ। दिगो काममा जग बसाउने मौका छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अप्ठ्यारा परिस्थिति देखिए पनि समस्या दर्साउँदा सहयोगीहरूको साथ प्राप्त हुनेछ । दिउँसोदेखि अध्यात्म र परोपकारमा मन जानेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आत्मविश्वास र लगनशीलताले बिस्तारै लक्ष्यमा पुऱ्याउनेछ । काम पूर्ण नभए पनि प्रयत्न गर्दा आंशिक लाभ अवश्यै हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** काममा चुनौती देखिए पनि व्यापार-व्यवसायमा लाभ हुनेछ । प्रेम वा मित्रताको बन्धन कसिलो हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** व्यावसाय विस्तारका लागि यात्रा गर्ने अवसर प्राप्त हुनेछ । दिउँसोदेखि सानातिना समस्यामा अलमलिनुपर्न हुन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्य कमजोर रहनाले चिताएको काम पूर्ण नहुन सक्छ । तापनि प्रयत्न गर्दा आंशिक लाभ अवश्यै हुनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** केही प्रतिस्पर्धा गर्नुपरे पनि स्रोतसाधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । तापनि रमाइलो क्षणमा मन ढुक्क भने नहुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** वादविवादबाट सजग रहनुहोला । दिउँसोदेखि कामको चापबाट फुर्सद पाइनेछ। कमजोर नतिजा सच्याउन प्रयत्न दोहोऱ्याउनुपर्ला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** यात्रा गर्ने अवसर जुट्नुका साथै अतिथिका रूपमा सम्मान पाइनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पहिलेको सफलताले हौसला प्रदान गर्नेछ । भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ । मिहिनेत गर्दा चुनौती पन्छाउन सफल भइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** दिउँसोदेखि परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ । अरूका विषयमा चासो लिंदा आफ्नो काम बिग्रन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** प्रतिस्पर्धीले आफ्नो ठाउँ लिने चेष्टा गर्नेछन् । तापनि भौतिक साधन जुटाउन सकिनेछ । बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ ।